# एनएलजी इन्स्योरेन्स कम्पनी लि. को
# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धि सूचना

मिति २०७४ माघ ८ गते बसेको यस कम्पनीको संचालक समितिको २४३औं बैठकको निर्णयानुसार कम्पनीको बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा उपरोक्त सभामा यहाँको उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७४ फाल्गुण ३ गते बिहिबार (तदनुसार १५ फ्रेरवरी २०१८)
समय : विहान १०:०० बजे
स्थान : नेपाल टुरिज्म बोर्ड, प्रदर्शनी मार्ग, भृकुटि मण्डप, काठमाण्डौं

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिबाट पारीत अध्यक्षज्यू द्धारा प्रस्तुत हुने आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरीएको २०७४ साल आषाढ मसान्तको वासलात, २०७३/०४/०१ देखि २०७४/०३/३१ सम्मको नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने बारे ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरीक्षक श्री बि. एण्ड बि. एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् पुन: नियुक्तीका लागि योग्य हुनुहुन्छ ।)

(४) समुह "ख" शेयरधनीहरुबाट प्रतिनिधीत्व गर्ने २ (दुई) जना तथा समुह "ग" (सर्वसाधारण शेयरधनीहरुको) बाट प्रतिनिधीत्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

(५) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ सम्मको मुनाफाबाट रु. ६७,४१,११६/- (१.३१५७८९४ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने (प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि) ।

(६) विविध ।

**(ख) विषेश प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०७३/०७४ को संचीत मुनाफाबाट हाल कायम चुक्तापूँजीको २५ (पच्चिस) प्रतिशतका दरले रु. १२,८०,८१,२५०/- बराबर बोनस शेयर वितरण गर्ने ।

(२) बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्तापूँजी बृद्धि भई रु. ६४,०४,०६,२५०/- (चौसाठी करोड चार लाख छ हजार दुई सय पचास) पुग्ने हुँदा सोही अनुसार जारी तथा चूक्ता पूंजी प्रबन्धपत्रको दफा ५ (क) (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (क) (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्विकृत गर्ने सम्बन्धमा ।

(३) प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

(४) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारी

१. मिति २०७४ माघ १८ गते देखि यो सभा सम्पन्न (मिति २०७४ फाल्गुण ३ गते) नहुन्जेल सम्मका लागि शेयर दाखिल खारेज बन्द गरीएको छ । मिति २०७४ माघ १७ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भई ७ कार्य दिन भित्र शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लि. को कार्यालयमा प्राप्त भएको प्रमाणपत्रहरुको आधारमा कायम हुन आउने शेयरधनीहरुले सभामा भाग लिन, मतदान गर्न, लाभांश लिन योग्य हुनु हुनेछ ।

२. सभामा स्वयं उपस्थीत हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधीपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ । प्रतिनिधीपत्र २०७४ माघ २९ गते विहान १०:०० बजे सम्ममा कम्पनीको केन्द्रिय कार्यालय पानीपोखरी (लाजीम्पाट), काठमाण्डौं मा दाखील गरी सक्नु पर्नेछ । प्रतिनिधीपत्र दिने महानुभावको दस्तखत उपरोक्त शेयर किन्दा को अवस्थामा आफुले गरेको दस्तखतसँग मिल्नु पर्नेछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।

३. प्रोक्सी दिने दाताले प्रोक्सी दिए पछि आफै उपस्थीत हुन वा प्रोक्सी वदर गर्न वा परीवर्तन गर्न चाहेमा मिति २०७४ माघ २९ गते सम्ममा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सोको लिखित सूचना दर्ता गराइ सक्नु पर्नेछ ।

४. प्रोक्सी दोहोरो पर्न गएमा यस कम्पनीमा पहिले दर्ता गरीएको प्रोक्सीले मान्यता पाउनेछ ।

५. वार्षिक साधारण सभामा भाग लिने शेयरधनीहरुको लागि हाजिरी किताब बिहान ९ बजे देखि खुल्ला रहनेछ ।

६. यस साधारण सभा सम्बन्धि सूचना प्रत्येक शेयरधनी महानुभावहरुको ठेगानामा कुरीयर/हुलाक मार्फत पठाइएको छ । शेयरधनी महानुभावहरु ले उक्त सूचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधारमानी सभामा उपस्थीत हुन अनुरोध छ ।

७. सभा स्थलमा शेयर प्रमाणपत्र वा वार्षिक प्रतिवेदनहरु वितरण गरीने छैन । आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन कम्पनीको website (www.nlg.com.np) मा हेर्न सकिनेछ ।

८. सभामा प्रवेशका लागी शेयरधनी महानुभावहरुले आफनो शेयर प्रमाणपत्रको सक्कल प्रति वा सो को प्रतिलिपी र आफनो परिचय पत्र अनीवार्य रुपमा लिई आउन हुन अनुरोध छ । परीचय पत्र वा शेयर प्रमाण पत्र ल्याउन अनिच्छुक वा नहुने शेयरधनी महानुभावलाई सप्रमाण कम्पनीको केन्द्रिय कार्यालयमा मिति २०७४ माघ २९ गते सम्म कार्यालय समय भित्र सम्पर्क राखेमा छुट्टै प्रवेशपत्र उपलब्ध गराइनेछ । शेयर अभौतीकरण गराइ सक्नु भएका शेयरधनी महानुभावहरुको हकमा DMAT खाता नम्बर र सक्कल आधिकारीक परिचय पत्र अनिवार्य रुप मा प्रस्तुत गर्नु पर्नेछ ।

९. सभा सम्बन्धि अन्य कुनै जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी (लाजीम्पाट) मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

पो.ब.नं. : २०६००, पानीपोखरी
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन : ४४१८११३, ४००६६२५,
टोल फ्रि नं. : १६६०-०१-९९०९९
फ्याक्स : ९७७-१-४४१६४२७
इमेल : info@nlgi.com.np
www.nlg.com.np

एनएलजी इन्स्योरेन्स
कम्पनी लिमिटेड
जहाँ इच्छा, त्यहाँ सुरक्षा